कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: १३२ | वि.सं. २०८३ भदौ ८ सोमबार | नेपाल संवत: ११४५ श्रावण शुक्ल द्वादशी | Monday 24 August 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# सुरु भयो जाजरकोट भूकम्पपछिको पुनर्निर्माण

**आफैं घर बनाउन नसक्ने एकल महिला, सहाराविहीन अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकका लागि भने 'शून्य लागत' मा घर निर्माण गर्ने अभियानसमेत सुरु गरिएको छ । यसका लागि आवश्यक थप रकम स्थानीय तह, प्रदेश तथा संघीय सरकार र दातृ निकायको साझेदारीमा जुटाइनेछ । प्रारम्भिक तथ्यांकअनुसार जाजरकोट, रुकुम र सल्यानमा झण्डै दुई हजार ६ सय असहाय तथा अति प्रभावित नागरिकलाई यस्तो अभियानबाट लाभ पुग्नेछ ।**



**ओम शाही**
**सुर्खेत, ७ साउन ।**

संघीय सरकारले जाजरकोट भूकम्पपछि लामो समयदेखि शिथिल बनेको पुनर्निर्माण कार्यलाई अघि बढाएको छ। भूकम्प गएको झण्डै तीन वर्ष पुग्ने लाग्दा संघीय सरकारले बल्ल पुनर्निर्माण प्रक्रियालाई अघि बढाएको हो ।

आइतबार जिल्लाको भेरी नगरपालिका-१, को रावत गाउँका कौशिला विकको घर शिलान्यास गरेर पुनर्निर्माण कार्य अघि बढाइएको हो । जाजरकोटबाट निर्वाचित संघीय सांसद खडकबहादुर बुढा, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणका उपसचिव सुरेश सुनार, जाजरकोटका प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारी, भेरी नगरपालिकाका नगर प्रमुख चन्द्रप्रकाश घर्ती र उप-प्रमुख सीता जैशीले सामुहिकरुपमा कौशिलाको घर शिलान्यास गरेका हुन् ।

१७ कार्तिक २०८० मा जाजरकोट केन्द्रविन्दु भएर गएको भूकम्पमा कौशिलाले नाती गुमाएकी थिइन, भने उनको घर पूर्णरुपमा क्षति भएको थियो । भूकम्पबाट रावत गाउँमा मात्रै ३४ जनाले ज्यान गुमाएका थिए ।

बारेकोट गाउँपालिकाको रामीडाँडा केन्द्रविन्दु भएर गएको ६ दशमलव चार रेक्टर स्केलको भूकम्पमा परी जाजरकोट र रुकुम पश्चिममा एक सय ५४ जनाले ज्यान गुमाएका थिए । उक्त भूकम्पले दुई जिल्लामा ठुलो भौतिक क्षति पुऱ्याएको थियो । सुरुमा राहत र उद्दारमा ध्यान केन्द्रित गराएको सरकारले त्यसपछि पुनर्निर्माणको पाटोलाई गम्भीरतापूर्वक नलिदा साढे दुई वर्षयता नागरिकहरु अस्थायी आवासमा बस्न बाध्य छन् ।

ढिलै भएपनि सरकारले घर बनाइदिन लागेपछि आशा पलाएको कौशिलाले बताइन । 'भूकम्पले बस्ने घर नै भत्काएपछि अस्थायी टहरामा बस्नु परेको छ,' उनले भनिन्, 'ढिलै भएपनि सरकारले घर बनाइ दिन लागको देख्दा आशा पलाएको छ ।' लाभग्राही पहिचान र प्रमाणीकरणमा देखिएको समस्या समाधान भएपछि पुनर्निर्माण अभियान सुरु गरिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उपसचिव सुरेश सुनारले जानकारी दिए ।

जिल्ला विपद् व्यवस्थापन समितिले लाभग्राहीको सूची प्रमाणीकरण गरेपछि पुनर्निर्माणका लागि बाटो खुलेको हो । सुनारका अनुसार भूकम्प प्रभावित जाजरकोटसँगै रुकुमपश्चिमा पनि पुनर्निर्माण कार्यअघि बढाउने तयारी गरिएको छ । सामान्य प्रभावितका लागि सरकारले उपलब्ध गराउने चार लाख रुपैयाँ अनुदानबाट घर पुनर्निर्माण प्रक्रिया अघि बढाइनेछ ।

आफैं घर बनाउन नसक्ने एकल महिला, सहाराविहीन अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकका लागि भने 'शून्य लागत'मा घर निर्माण गर्ने अभियानसमेत सुरु गरिएको छ । यसका लागि आवश्यक थप रकम स्थानीय तह, प्रदेश तथा संघीय सरकार र दातृ निकायको साझेदारीमा जुटाइनेछ । प्रारम्भिक तथ्यांकअनुसार जाजरकोट, रुकुम र सल्यानमा झण्डै दुई हजार ६ सय असहाय तथा अति प्रभावित नागरिकलाई यस्तो अभियानबाट लाभ पुग्नेछ ।

जाजरकोटका प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीका अनुसार १७ कार्तिक २०८० को भूकम्पपछि जाजरकोटमा ४१ हजार सात सय जनाले अस्थायी आवास पाएका थिए । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विस्तृत क्षति मूल्यांकन (डीडीए) पछि भने जिल्लामा करिब २९ हजार घरधुरी प्रभावित देखिएको अधिकारीले बताए ।

डीडीएअनुसार करिब १५ हजार घर पुनर्निर्माण र १३ हजार घर प्रबलीकरण गर्नुपर्ने देखिएको प्रजिअ अधिकारीले बताए । केही घर सामान्य मर्मत गर्नुपर्ने अवस्थामा रहेको उनले बताए । कार्यविधिमा रहेका प्रावधान र लाभग्राही प्रमाणीकरणमा देखिएका प्रक्रियागत समस्याका कारण पुनर्निर्माणमा ढिलाइ भएको अधिकारीले बताए । अहिले कार्यविधिअनुसार लाभग्राही छनोट गरी पुनर्निर्माण अघि बढाइएको उनको भनाई छ । भेरी नगरपालिकाका ६ सय १२ र नलगाड नगरपालिकाका चार सय ७२ लाभग्राहीलाई पुनर्निर्माणका लागि छनोट गरिएको छ । त्यस्तै, भेरीका ६ सय १२ मध्ये एक सय ८८ जनाको पहिलो किस्ता निकासाका लागि माग गरिएको छ । सोहीमध्ये एक लाभग्राहीको घर निर्माणबाट पुनर्निर्माण अभियानको औपचारिक सुरुवात गरिएको अधिकारीले बताए ।

पुनर्निर्माण कार्यको सुभारम्भ गर्दै प्रतिनिधिसभा सदस्य खडकबहादुर बुढाले भूकम्प प्रभावितका घर निर्माणको कार्य सुरुहुनु सकरात्मक रहेको बताउँदै यसलाई गती दिनुपर्ने बताए । आफूले संसद्मा पटक-पटक पुनर्निर्माणको विषय उठाउँदै आएको उल्लेख गर्दै उनले अब एक घरबाट सुरु भएको पुनर्निर्माण अभियान निरन्तर अघि बढ्ने दावी गरे ।

उनले एक वर्षभित्र जाजरकोटका सात हजार भूकम्प प्रभावितका घर निर्माण गर्ने गरी सरकारसँग पहल गर्ने प्रतिबद्धता जनाए । उनले भने, 'जाजरकोटमा पुनर्निर्माणका लागि आवश्यक बजेट विनियोजन भएको छ । भूकम्पपछिको पुनर्निर्माणले जुनरुपमा गती लिनुपर्ने थियो, त्यसो हुन सकेन । ढिलैभएपनि पुनर्निर्माणको कार्य प्रारम्भ भएको छ । अब पनि सरकारले बहानाबाजी गरेर नागरिकलाई दुख दिने काम गर्नु हुँदैन । यस विषयमा निरन्तर संसदमा आवाज उठाउने प्रतिवद्धता व्यक्त गर्दछु ।'

## खेतीपाती सकिएपछि भारततर्फ नेपाली युवाको लर्को

# बेरोजगारी र विपन्नताले घर छाड्न बाध्य

**सरला सुवेदी**
**बाँके, ७ भदौं ।**



खेतीपातीको काम सकिएसँगै रोजगारीको खोजीमा भारत जाने नेपाली युवाको सङ्ख्या बढ्दै गएको छ । नेपालमा पर्याप्त रोजगारीको अवसर नहुँदा कर्णाली र लुम्बिनी प्रदेशका पहाडी जिल्लाका सयौँ युवा दैनिक नेपाल-भारत सीमास्थित जमुनाहा नाका हुँदै भारततर्फ जान थालेका छन् ।

इलाका प्रहरी कार्यालय जमुनाहाका अनुसार केही दिनयता रोजगारीका लागि भारत जाने नेपालीको संख्या उल्लेख्य रूपमा बढेको छ। नाकामा बिहानैदेखि भारत जाने नेपालीको लर्को लाग्ने गरेको छ ।

इलाका प्रहरी कार्यालय जमुनाहाका प्रमुख प्रहरी निरीक्षक राजन भट्टराईले केही दिनयता रोजगारीका लागि भारत जाने नेपालीको संख्या बढेको बताउनुभयो। उहाँका अनुसार बिहान ६ बजेदेखि बेलुका ७ बजेसम्म दैनिक ठूलो संख्यामा नेपाली भारत प्रवेश गरिरहेका छन् ।

भारतको हिमाचल प्रदेशमा स्याउ पाक्ने समय सुरु भएकाले स्याउ टिप्ने, ओसारपसार गर्ने तथा अन्य कृषि मजदुरीका लागि पनि नेपाली युवा भारततर्फ गइरहेका छन् । अधिकांश नेपाली शिमला, अमृतसर, चण्डीगढ, हरिद्वार र जयपुरलगायतका क्षेत्रमा जाने गरेका छन् । रोजगारीका लागि भारत जानेमध्ये अधिकांश विपन्न परिवारका युवा छन् । आफ्नै गाउँठाउँमा वर्षभरी रोजगारी नपाइने र भएको खेतीबाट परिवार पाल्न कठिन भएपछि उनीहरू केही महिनाका लागि भारत जान बाध्य भएका हुन् ।

जाजरकोटको ढिमेका दल बहादुर विक खेतीपातीको काम सकिएपछि गाउँमा अर्को काम नपाएकाले भारत जान लागेको बताउँछन । "खेतीपाती गरेर वर्षभरी परिवार पाल्न पुग्दैन । गाउँमा अर्को काम पनि छैन । घरखर्च चलाउनकै लागि फेरि भारत जानुपरेको हो" उनले भने ।

दैलेख नौमुलेका रमेश मल्ल पनि रोजगारीका लागि भारतको हरिद्वार जान लागेका छन् । उनका अनुसार गाउँमा आम्दानीको भरपर्दो स्रोत नभएपछि भारत जानुको विकल्प देखिँदैन । "रोजगारी पाइन्छ भनेर देशमै बस्न मन त छ, तर काम नै पाइँदैन। परिवारको खर्च धान्न भारत जानुपरेको छ । अब अर्को वर्षको दसैंमा मात्र घर फर्किने योजना छ," उनले भने ।

त्यस्तै, भारततर्फ जाँदै गरेका अर्का युवा कृष्णबहादुर शाहीले खेतीबाट हुने आम्दानीले परिवारको आवश्यकता पूरा गर्न नसक्ने भएकाले भारत जान लागेको बताए । "हाम्रो गाउँमा रोजगारी छैन । खेती आफ्नै खानलाई मात्र पुग्छ । छोराछोरीको पढाइ र घरखर्चका लागि कमाउनैपर्छ, त्यसैले भारत जान लागेको हुँ," उनले भने ।

नाकामै भेटिएका मीनबहादुर रोकायले पनि आफूजस्तै धेरै युवा बाध्यताले भारत जानुपरेको बताए । "भारत जान रहर होइन । आफ्नै देशमा काम पाए परिवारसँगै बसेर काम गर्ने थियौँ । गरिबी र बेरोजगारीले घर छाड्न बाध्य बनाएको छ," उनले भने ।

खेतीपातीको मौसममा गाउँ फर्किएर कृषि काम गर्ने र बाँकी समय रोजगारीका लागि भारत जाने प्रवृत्ति कर्णाली तथा लुम्बिनीका पहाडी जिल्लामा पुरानै भए पनि स्वदेशमा पर्याप्त रोजगारी सिर्जना हुन नसक्दा यो क्रम अझै रोकिएको छैन ।

भारत जाने नेपालीको संख्या बढेसँगै उनीहरूको सुरक्षालाई ध्यानमा राखेर जमुनाहा नाका तथा श २भारततर्फको रुपैडिहा बसपार्क क्षेत्रमा सुरक्षा व्यवस्था मिलाइएको इलाका प्रहरी कार्यालय जमुनाहाले जनाएको छ । स्थानीय युवाका अनुसार भारतबाट कमाएको पैसाले परिवारको दैनिक खर्च, छोराछोरीको पढाइ तथा घरायसी आवश्यकता धान्न सहयोग पुग्ने भए पनि परदेशमा जोखिमपूर्ण र कठिन काम गर्नुपर्ने बाध्यता छ ।

# सिँचाइ विकाससँगै कृषि उत्पादन र रोजगारी विस्तारमा मन्त्री श्रेष्ठको जोड

**युग संवाददाता**
**काठमाडौँ, ७ भदौ ।**

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठले ठूला सिँचाइ आयोजनाले कृषि उत्पादन र रोजगारीका अवसर विस्तार गर्दै जनसङ्ख्या पलायनको समस्या न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्न सक्ने बताएका छन् ।

सुनसरी-मोरङ सिँचाइ परियोजनाको स्थलगत अध्ययन तथा परियोजनाबाट प्रभावित स्थानीयवासी र जल उपभोक्ताका समस्या तथा गुनासा सुन्ने क्रममा मन्त्री श्रेष्ठले सिँचाइलाई केवल नहर निर्माणको विषयका रूपमा हेर्न नहुने बताएका हुन ।

उनले सिँचाइमा गरिएको लगानीको प्रतिफल कृषि उत्पादनमार्फत प्राप्त हुने भएकाले सिँचाइसँगै कृषि उत्पादन, उत्पादकत्व वृद्धि र किसानका कार्यक्रमलाई समेत एकीकृत रूपमा अघि बढाउनुपर्ने धारणा राखे ।

"सिँचाइमा लगानी गरेर मात्रै पुग्दैन, त्यसबाट उत्पादन र आम्दानी बढ्ने वातावरण पनि बनाउनुपर्छ," उनले भने, "सिँचाइ र कृषिका कार्यक्रमलाई कसरी एकीकृत रूपमा अघि बढाउन सकिन्छ भन्ने विषयमा मन्त्रालयले सूक्ष्म अध्ययन गरिरहेको छ ।"

बाँकी ३ पेजमा



## सम्पादकीय....

# गाउँमा जनसंख्या रोक्ने नीति लेऊ !

जाजरकोटको शिवालय गाउँपालिका-३ की ओढ कामीको मृत्यु भएपछि परिवारले अन्तिम संस्कारका लागि शव मसानघाटसम्म लैजान मलामी जुटाउनै कठिन भयो । गाउँमा काम गर्ने उमेरका मानिसको संख्या घट्दै गएपछि आफन्त र छिमेकीले निकै सास्ती खेप्नुपर्‍यो । एउटा व्यक्तिको मृत्युमा समेत मलामी जुटाउन कठिन हुने अवस्था कर्णालीका ग्रामीण बस्तीमा बढ्दो बसाइँसराइको गम्भिर संकेत हो । रोजगारी, शिक्षा, स्वास्थ्य र आम्दानीका पर्याप्त अवसर नहुँदा गाउँका युवा शहर, सुविधासम्पन्न जिल्ला र वैदेशिक रोजगारीतर्फ गइरहेका छन् । कतिपय परिवार स्थायी रूपमै बसाइँ सरेका छन् भने कतिपयका युवा सदस्य भारत तथा तेस्रो मुलुकमा छन् । यसको असर गाउँको जनसंख्या र सामाजिक संरचनामा प्रत्यक्ष देखिन थालेको छ । कतिपय गाउँमा वृद्धवृद्धा, महिला र बालबालिकामात्रै बाँकी छन् । चाडपर्वमा केही दिन गाउँ भरिए पनि त्यसपछि फेरि सुनसान हुने अवस्था छ । बसाइँसराइले सामाजिक जीवनमा मात्रै होइन, उत्पादन र विकास निर्माणमा समेत असर पारेको छ । खेतबारी बाँझिँदै गएका छन् । स्थानीय श्रमिक नपाउँदा निर्माण आयोजनासमेत प्रभावित भएका छन् । कतिपय आयोजनामा छिमेकी जिल्लाबाट श्रमिक ल्याउनुपर्ने अवस्था छ । आफ्नै गाउँमा काम गर्न नचाहने युवा विदेशमा भने कठिन श्रम गर्न बाध्य हुनु विडम्बना हो ।

यसले गाउँमा रोजगारी र आम्दानीको आधार कति कमजोर छ भन्ने देखाउँछ । कर्णालीमा सडक, विद्युत्, सञ्चार, विद्यालय र स्वास्थ्य संस्थाजस्ता पूर्वाधार विस्तार भएका छन् । तर, पूर्वाधार पुग्दैमा मानिस गाउँमै बस्दैनन् । उत्पादनले बजार नपाउने, कृषि लागत बढ्ने, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाका लागि बाहिर जानुपर्ने तथा स्थानीय रोजगारीको अभावले गाउँ छाड्ने क्रम रोकिएको छैन । त्यसैले अब विकासको मापन सडक र भवनको संख्याबाट मात्रै गर्ने प्रवृत्तिमा परिवर्तन आवश्यक छ । मानिसलाई गाउँमै बस्न सक्ने आर्थिक आधार तयार भएको छ कि छैन भन्ने प्रश्न महत्वपूर्ण हो । बसाइँसराइलाई रोक्न मानिसलाई जबर्जस्ती गाउँमा थुन्ने नीति सम्भव छैन । बरु गाउँमै बसेर शहर वा विदेशमा भन्दा सुरक्षित र सम्मानजनक जीवन जिउन सक्ने वातावरण बनाउनुपर्छ ।

कृषि उत्पादनलाई बजारसँग जोड्ने, व्यावसायिक कृषि तथा पशुपालन प्रवर्द्धन गर्ने, जडीबुटी र पर्यटनलाई रोजगारीसँग जोड्ने तथा स्थानीय उद्योग र उद्यमशीलता विकास गर्ने नीति आवश्यक छ । शिक्षा र स्वास्थ्यको गुणस्तर सुधार पनि उत्तिकै महत्वपूर्ण छ । तीन तहका सरकारले गाउँको वास्तविक सम्भावना पहिचान गरी दीर्घकालीन कार्यक्रम बनाउनुपर्छ । अनुदान बाँडेर मात्र युवालाई गाउँमा रोक्न सकिँदैन । युवाले आफ्नो श्रमको उचित मूल्य र परिवारको भविष्य सुरक्षित देख्न सक्ने अवस्था बनाउनुपर्छ । कर्णालीका गाउँमा अझै सम्भावना छ, तर त्यसलाई रोजगारी र आम्दानीमा बदल्ने जिम्मेवारी सरकारको हो । गाउँ रित्तिएपछि सडक र भवन मात्रै बाँकी रहनेछन् । त्यसैले गाउँ जोगाउने नीति अब विकल्प होइन, आवश्यकता बनिसकेको छ । विकास गाउँतर्फ जाने तर, जनसंख्या शहर सोजिने परिपाटी बेलैमा रोक्न नसके गाउँमा विकास र जनसंख्याबीच संकट सुरु हुने जोखिम बढ्दै जाने देखिन्छ ।

## विश्व

# ट्रम्पले गरे मक्का सम्झौताको स्वागत



**वासिंटन, ७ भदौ ।**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले साउदी अरब, टर्की र पाकिस्तानबिचको ' मक्का संयुक्त रक्षा सम्झौता'लाई बढ्दो सहकार्य र क्षेत्रीय आत्मनिर्भरताको दिशामा चालिएको एक कदमका रूपमा स्वागत गरेका छन् । उनले यस सम्झौतालाई 'ठुलो, साहसी र महत्वपूर्ण पहिलो कदम' भनेका छन् । अगस्ट ७ मा गरिएको यस सम्झौताले तीन इस्लामिक राष्ट्रलाई एकताबद्ध बनाएको छ र यस क्षेत्रका अन्य देशको सहभागिताका लागि पनि ढोका खोलेको छ । यस सम्झौताले भूराजनीतिक परिदृश्यलाई उल्लेखनीय रूपमा परिवर्तन गरेको छ भने यसको सामूहिक रक्षासम्बन्धी प्रावधान नेटोको धारा ५ सँग मेल खान्छ ।

'साउदी अरब, टर्की र पाकिस्तानले हालै र अन्ततः मक्का संयुक्त रक्षा सम्झौतामा हस्ताक्षर गरेको देख्दा निकै खुसी लागेको छ । यसले मध्यपूर्व कसरी एकताबद्ध हुँदै छ र देशहरूले कसरी अझ अर्थपूर्ण ढंगले आफ्नो रक्षा गर्न सक्षम हुनेछन् भन्ने देखाउँछ । उल्लिखित तीन राष्ट्रका महान् नेतृत्वलाई बधाई । यो एउटा ठुलो, साहसी र महत्वपूर्ण पहिलो कदम हो,' ट्रम्पले 'ट्रुथ सोसल' प्लेटफर्ममा गरेको पोस्टमा लेखेका छन् ।

इजरायलको प्रभुत्वलाई अस्वीकार गर्ने उक्त सम्झौताले 'आफ्नो सामूहिक सुरक्षालाई अझ सुदृढ पार्न तथा यस क्षेत्र र त्यसभन्दा बाहिर शान्ति, सुरक्षा र स्थिरता प्रवर्द्धन गर्न साझा प्रतिबद्धता' व्यक्त गरेको छ । यी तीन देशले अमेरिका र इरानबिचको द्वन्द्व समाधान गर्ने दिशामा पनि साझा प्रतिबद्धता जनाउनेछन् । यसअघि इरानले पनि यस सम्झौताको प्रचार गर्दै यसलाई अमेरिकासँगको गठबन्धनबाट टाढिने कदमका रूपमा दाबी गरेको थियो ।

पाकिस्तानका प्रधानमन्त्री सहबाज सरिफले ट्रम्पलाई धन्यवाद दिँदै यस क्षेत्रको रक्षामा ती तीन राष्ट्रले रचनात्मक भूमिका निर्वाह गरिरहने बताए । उनले 'दक्षिण एसियामा आणविक विपत्ति टार्न' मद्दत पुर्‍याएको भन्दै ट्रम्पको नेतृत्वको पनि प्रशंसा गरे । यद्यपि, तेस्रो पक्षको मध्यस्थतासम्बन्धी यस्तै विगतका घटनामा भारतले यस्तो दाबीलाई अस्वीकार गर्दै आएको छ । यसैबिच, भारतको विदेश मन्त्रालयले नयाँदिल्लीले यस 'इस्लामिक नेटो'को प्रभावलाई आफ्नो राष्ट्रिय सुरक्षा र समग्र क्षेत्रीय स्थिरताको दृष्टिकोणबाट नजिकबाट नियालिरहेको जनाएको छ ।

# परिवर्तनको दाबी होइन, परिवर्तनको अनुभूति आवश्यक



✍ **सम्झना वाग्ले भट्टराई**

राजनीतिमा सत्ता परिवर्तनलाई प्रायः नयाँ सुरुवात र नयाँ सम्भावनाको रूपमा हेरिन्छ । अझ उथलपुथलकारी घटनापश्चात्को सरकारसँग त जनअपेक्षा झन् बढी हुन्छ । नयाँ अनुहार, नयाँ दल र नयाँ नारासहित कुनै शक्ति सत्तामा पुग्दा जनताले स्वाभाविक रूपमा पुरानो शासनशैलीमा विद्यमान कमजोरीको अन्त्य र नयाँ राजनीतिक संस्कारको अपेक्षा गर्छन् ।

नागरिकका लागि नयाँ राजनीतिक शक्तिको उदय आशाको विषय बन्नु अस्वाभाविक होइन । तर, नयाँ शक्तिमा पनि पुरानै शैली, उही अहंकार, उही अव्यवस्था र उस्तै जवाफदेहिताको अभाव रह्यो भने स्वतः प्रश्न उठ्छ- परिवर्तन आखिर के भयो ?

स्वर्गीय नेता प्रदीप गिरी भन्नुहुन्थ्यो- 'रक्सीको नशा खाएपछि लाग्छ, पैसाको नशा पाएपछि लाग्छ तर यो सत्ताको नशा भने गाएपछि लाग्दो रहेछ ।'

हुन पनि सामाजिक सञ्जालमार्फत अति प्रशंसा पाएर होला, सत्तासीन सांसदहरूमा अहंकार बढ्दै गएको र सीमाहरू भुल्दै गएका दृष्टान्तहरू छरपस्ट देखिएका छन् । सत्ताको मात लागेपछि नेताहरूले हिजो गरेका प्रतिबद्धता र आजको व्यवहारबीचको दूरी थाहा नपाउने रहेछन् । सत्ता आफैँमा खराब कुरा होइन; लोकतन्त्रमा सत्ता जनताको सेवा गर्ने माध्यम हो । तर, सत्ता जनअपेक्षा र जनताका आवश्यकतालाई बेवास्ता गर्दै आत्मसन्तुष्टि, शक्ति प्रदर्शन र स्वार्थपूर्तिको साधन बन्न थाल्यो भने त्यसले परिवर्तनको नारालाई नै खोक्रो बनाइदिन्छ । आज नयाँ राजनीतिक शक्ति र नयाँ सरकारको कार्यशैलीलाई लिएर उठिरहेका प्रश्नहरूको मूलमा यही चिन्ता देखिन्छ ।

**परिवर्तनको नाराबाट शासनको व्यवहारसम्म**

नयाँ राजनीतिक दल तथा नेताहरूले पुराना दल असफल भए, पुराना नेतृत्वले जनताको भावना बुझेनन्, राज्य संयन्त्र भ्रष्ट भयो, प्रशासनिक संरचना निकम्मा भयो, जनताको दैनिक जीवन कष्टकर भयो भन्नेजस्ता आलोचना गरेका थिए । उनीहरूका भाषणमा सुशासन, जवाफदेहिता, पारदर्शिता र जनताको प्रत्यक्ष सहभागिताजस्ता शब्दहरू प्रशस्त थिए ।

तर, सरकार सञ्चालनको वास्तविक परीक्षा भाषणमा होइन, व्यवहारमा हुन्छ । मन्त्रीहरू कसरी काम गर्छन् ? राज्यका निकायमा कसलाई नियुक्त गरिन्छ ? आलोचनाको सामना कसरी गरिन्छ ? जनताको दैनिक समस्यालाई कति प्राथमिकता दिइन्छ ? आफ्ना समर्थक र विरोधीप्रति राज्यले समान व्यवहार गर्छ कि गर्दैन ? यी प्रश्नको उत्तरले सरकार वास्तवमै नयाँ हो कि केवल अनुहार नयाँ भएको हो भन्ने निर्धारण गर्छ ।

सरकारको व्यवहारको परख गर्ने हो भने नयाँ भन्ने अनुभूति कमै गर्न सकिन्छ । खेतीको मौसममा मलको विषय होस् वा ग्यास तथा पासपोर्टको लाइनमा खासै सुधार देखिएन । व्यावसायिक वातावरण झनै बिग्रेको छ भने महँगी नियन्त्रणमा त सरकार पूरै असफल देखिन्छ ।

**सांसदहरूको मर्यादा तथा जवाफदेहिता**

जनमत पाएर निर्वाचित हुनु भनेको केवल निर्वाचन जितेर संसद प्रवेश गर्नु मात्र होइन । यो जनताले आफ्ना समस्या, अपेक्षा र अधिकारलाई नीतिगत रूपमा सम्बोधन गर्ने जिम्मेवारीसमेत सुम्पिनु हो । सांसदका बोली, व्यवहार र निर्णयमा जनताप्रतिको उत्तरदायित्व र संसदीय मर्यादा झल्किनुपर्छ । तर, पछिल्लो समय प्रतिनिधिसभामा केही सांसदहरूको व्यवहार हेर्दा जनमतबाट विजय प्राप्त गर्नु भनेको उच्छृंखलता प्रदर्शन गर्ने लाइसेन्स पाएजस्तो देखिन थालेको छ ।

सामाजिक सञ्जालमा भाइरल हुने गरी बोल्नु र संसदमा जिम्मेवार राजनीतिक अभिव्यक्ति दिनु एउटै कुरा होइन । जनप्रतिनिधिले बोलेको एउटा वाक्यले हजारौँ मानिसको धारणा प्रभावित गर्न सक्छ, समुदायबीच तनाव बढाउन सक्छ वा संवेदनशील विषयलाई थप जटिल बनाउन सक्छ ।

संसद लोकतन्त्रको सर्वोच्च जनप्रतिनिधिमूलक संस्था हो । यहाँ हुने बहस, छलफल र निर्णयले मुलुकको शासन प्रणाली, कानुन निर्माण र नागरिकको दैनिक जीवनमा प्रत्यक्ष प्रभाव पार्छ । त्यसैले सांसदहरूले आफ्नो व्यक्तिगत लोकप्रियता वा राजनीतिक प्रदर्शनभन्दा माथि उठेर राष्ट्रिय हित र जनताको अपेक्षालाई प्राथमिकता दिन आवश्यक हुन्छ ।

संसदमा बोल्ने स्वतन्त्रता लोकतन्त्रको आधारभूत विशेषता हो । सांसदले फरक मत राख्न सक्छ र जनताको आक्रोशलाई सदनमा व्यक्त गर्न सक्छ । तर, स्वतन्त्रता र गैरजिम्मेवार अभिव्यक्तिबीचको सीमा बुझ्नु जनप्रतिनिधिको जिम्मेवारी हो ।

त्यसैले नयाँ राजनीतिक शक्तिले आफ्ना सांसदलाई जिम्मेवार सार्वजनिक प्रतिनिधि बनाउनेतर्फ ध्यान दिन आवश्यक छ । भाषणमा आक्रोशभन्दा तथ्य, उत्तेजनाभन्दा विवेक र व्यक्तिगत आरोपभन्दा नीतिगत बहस बलियो हुनुपर्छ । संसद प्रभावकारी रूपमा चल्न नसक्नु, पर्याप्त कामकारबाही अघि बढ्न नसक्नु र प्रस्तावहरू निर्णयार्थ लैजान नसकिएको अवस्था देखिनु लोकतान्त्रिक अभ्यासका लागि सुखद संकेत होइन । संसद बैठकमा अनिवार्य उपस्थितिका लागि पनि दलहरू आफ्ना प्रतिनिधिहरूप्रति कठोर हुनैपर्छ ।

**मुख्य नेतृत्वको मौनता**

चुनावी घोषणपत्र र भाषणबाजीमा ठूला-ठूला प्रतिबद्धता गर्ने राजनीतिक दलहरू तथा नेताहरूको पुरानै अभ्यास हो । नयाँ राजनीतिक शक्तिको दाबी गर्नेहरूका सन्दर्भ फरक हुनै पर्थ्यो, किनभने उनीहरूको लोकप्रियताको आधार नै पुराना राजनीतिक शक्तिप्रतिको असन्तुष्टि र आफू फरक हुने दाबी थियो ।

केही शीर्षस्थ नेताहरूको आह्वानलाई स्वीकार गरी निर्वाचनमा जनताले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई बहुमत दिएका हुन् । पार्टीका सभापति रवि लामिछानेजस्ता नेताहरूले चुनावअघि जनसरोकारका विषयलाई आक्रामक ढंगले उठाएका थिए । जनताको समस्या, भ्रष्टाचार, प्रशासनिक बेथिति र राजनीतिक जवाफदेहिताबारे उनीहरूको भाषणले ठूलो जनसमर्थन पनि पाएको थियो । तर, पार्टी सरकारमा पुगेपछि त्यही स्तरको सार्वजनिक हस्तक्षेप र जनसरोकारका मुद्दामाथिको सक्रियता देखिएन भन्ने अनुभूति नागरिकमा पैदा भएको छ ।

सुकुम्बासी समस्या समाधानमा होस् वा प्रशासनिक चुस्तता, सरकारका मन्त्रीहरूको जवाफदेहितामा होस् वा विभिन्न नियुक्तिहरूमा जनताले प्रश्न उठाउन थालेका छन् । सबैभन्दा बढी प्रश्न त कानुन निर्माणमा सांसदहरूको भूमिकालाई लिएर उठेको छ ।

सरकारले संसदलाई आवश्यक 'बिजिनेस' दिन सकेको छैन भने सांसदहरू पनि आफ्नो भूमिकाप्रति गम्भीर हुन सकेका छैनन् । त्यसो त राष्ट्रिय स्वतन्त्र पार्टीले सांसद अभिमुखी कार्यक्रम राखेको तथा हालै सभापति लामिछानेले पार्टीका मन्त्री र सांसदहरूको कार्यशैलीप्रति प्रश्न उठेको भन्दै कार्यशैली र व्यवहार सुधार गर्न निर्देशन दिएका समाचारहरू आए । तर, निर्देशनहरू सांसदका अराजकता नियन्त्रणका लागि कामयावी बनेको देखिएन ।

एकातर्फ, गृहमन्त्री आफैँले बोलेको विषयलाई 'जोक' बनाइरहेछन् भने अर्कोतर्फ प्रधानमन्त्री तथा सत्तारुढ दलका सभापति मौन बसिरहेछन् । राजनीतिमा मौनता पनि एउटा राजनीतिक सन्देश हो । जनताको समस्या बढिरहेको बेला जिम्मेवार नेताहरू मौन बस्दा नागरिकले त्यसलाई उदासीनताको रूपमा बुझ्न सक्छन् । सत्तामा पुगेपछि जनताको प्रश्नबाट टाढा हुने होइन, झन् नजिक जानुपर्ने हो । यसमा प्रधानमन्त्री, सरकारका मन्त्रीहरू तथा पार्टीका नेताहरू जिम्मेवार हुनैपर्छ ।

नियुक्तिमा समावेशिताको धज्जी

प्राज्ञिक तथा अन्य सार्वजनिक संस्थामा गरिएका नियुक्तिलाई लिएर प्रश्न उठ्नु आफैँमा अस्वाभाविक होइन । कुनै नियुक्ति कानुनी रूपमा वैध हुँदैमा त्यो नैतिक र राजनीतिक रूपमा पनि निर्विवाद हुन्छ भन्ने छैन । विशेष गरी प्रज्ञा-प्रतिष्ठानमा भएका केही नियुक्ति पाउने व्यक्तिका विगतका अभिव्यक्ति, सार्वजनिक आचरण, योग्यता र सम्बन्धबारे प्रश्न उठ्दा सरकारले त्यसको स्पष्ट जवाफ दिनुपर्छ । नियुक्ति विवादमा परेपछि मौन बस्नु समस्या समाधान होइन ।

नयाँ सरकारबाट जनताले अपेक्षा गरेको कुरा के थियो ? 'हाम्रा मान्छे' होइन, 'योग्य मान्छे' । नातावाद, कृपावाद र राजनीतिक भागवण्डाबाट मुक्त नियुक्ति । यदि पुरानो सरकारलाई यही कारणले आलोचना गर्दै आएको शक्ति सत्तामा पुगेपछि उही प्रवृत्ति दोहोर्‍याउँछ भने जनताले ऊप्रति पनि प्रश्न उठाउँछन् ।

सरकारले नियुक्तिमा कम्तीमा चार कुरा सुनिश्चित गर्नुपर्छ- समावेशिता, योग्यता, पारदर्शिता र सार्वजनिक जवाफदेहिता । कसलाई नियुक्त गरियो भन्दा पनि किन नियुक्त गरियो भन्ने प्रश्नको उत्तर दिन सक्नुपर्छ । नियुक्तिको प्रक्रिया सार्वजनिक गर्न सकियो भने विवाद स्वतः कम हुन्छ । तर, निर्णय बन्द कोठामा गर्ने र आलोचना भएपछि मौन बस्ने प्रवृत्तिले शंका मात्र बढाउँछ ।

**सत्ताको केन्द्रमा आमजनताको जीवन**

राजनीतिक बहसको केन्द्रमा सबैभन्दा पहिले जनताको दैनिक जीवन हुनुपर्छ । सरकारले गरेका कामकारबाही तथा नीति निर्माणले सामान्य नागरिकको दैनिक जीवन सहज भयो कि भएन भन्ने विषय महत्त्वपूर्ण हो । सरकारी सेवा लिन लाइनमा बस्नुपर्छ, बजारमा अत्यावश्यक वस्तुको सहज उपलब्धता छैन, रोजगारीका अवसर सीमित छन्, महँगीले आम्दानीको ठूलो हिस्सा खाइरहेको छ, स्वास्थ्य र शिक्षाको खर्च बढिरहेको छ भने नागरिकले सरकारको उपलब्धि भाषणबाट होइन, आफ्नै जीवनबाट मूल्यांकन गर्छ ।

ग्यासको लाइन होस् वा पासपोर्टको लाइन, ती केवल प्रशासनिक समस्या होइनन्, ती राज्यको कार्यक्षमताका सूचक हुन् । एउटा नागरिकले सामान्य सरकारी सेवा लिन अनावश्यक दुःख भोग्नुपर्छ भने 'डिजिटल नेपाल', 'सुशासन' वा 'परिवर्तन'का ठूला नाराले उसको निराशा झन् बढाउँछ । जनताले परिवर्तनको अनुभूति आफ्नो जीवनमा गर्न सकेनन् भने राजनीतिक

► बाँकी ३ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — धर्ममा श्रद्धा र परोपकारमा मन जानेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ । आस मारेको काम बन्नाले उत्साह जाग्नेछ ।

**वृष** — स्वास्थ्य कमजोर रहे पनि चुनौतीपूर्ण काममा जुट्नुपर्ला । परिस्थितिले कठोर निर्णय गराउन सक्छ । कमजोर नतिजा सच्याउन काम दोहोर्‍याउनुपर्ने हुन सक्छ ।

**मिथुन** — दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ । प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । परिवेश उल्लासमय रहनेछ । व्यवसायले रमाइलो यात्रा गर्ने अवसर दिलाउन सक्छ ।

**कर्कट** — चुनौतीपूर्ण कामको दायित्व लिनाले अलि दुःख पाइनेछ । सम्भावना देखिए पनि न्यून उपलब्धिमै चित्त बुझाउनुपर्ला ।

**सिंह** — अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ ।

**कन्या** — व्यक्तिगत तथा पारिवारिक काममा समय बित्नेछ । सहयोगी चयन गर्न राम्ररी सोचविचार गर्नुहोला । नयाँ काम थाल्न केही समय पर्खनु बुद्धिमानी हुनेछ ।

**तुला** — परिस्थितिवश चिताएको काम रोकिन सक्छ । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । नयाँ काम थाल्नुअघि परिस्थितिबारे अध्ययन गर्नुहोला ।

**वृश्चिक** — अध्ययनमा प्रगति हुनेछ भने ज्ञान र कलालाई निखार्ने अवसर प्राप्त हुनेछ । चिताएको काम सम्पादन हुनेछ । पहिलेका कमजोरीलाई सुधार्ने मौका छ ।

**धनु** — रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ । मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ । विशेष अवसरले प्रसन्नता दिलाउनेछ ।

**मकर** — केही पाउन केही वस्तु त्याग्नुपर्ला । यात्रा तथा भ्रमणका लागि प्रयत्न गर्ने समय छ । टाढाका साथीभाइले काममा साथ दिनेछन् ।

**कुम्भ** — आँटले काम सम्पादन गर्न सकिनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ ।

**मीन** — पुराना कामको चर्चा हुनेछ भने मिहिनेत गर्दा उपलब्धिको स्रोत प्राप्त हुनेछ । तर, अरूका काममा समय खर्चनुपर्दा आफ्ना काम रोकिन सक्छन् ।

# 'ध्वनि प्रदूषणले श्रवण क्षमता कमजोर हुन्छ'

**युग संवाददाता**
**बाँके, ७ भदौ ।**

लामो समयसम्म मोबाइलमा गरिने कुराकानीले ध्वनि प्रदूषण हुँदा श्रवण क्षमता कमजोर हुने गरेको पाइएको छ। अहिले दैनिक करिब १५० देखि २०० हाराहारीमा भेरी अस्पतालमा विभिन्न प्रकारका कानको समस्या लिएर बिरामी आउन थालेको भेरी अस्पताल, नेपालगञ्जका नाक, कान, घाँटी एवं टाउको रोगका विभागीय प्रमुख दिनेशकुमार चौधरीले जानकारी दिए।

उनका अनुसार मोबाइलमा लामो समय कुरा हुँदा त्यसको असर कानको जालीमा पर्ने भएकाले श्रवण शक्ति कमजोर हुनुका साथै कान पाक्नेलगायत समस्या देखिन्छ। डा चौधरीले भने, "लामो समय कुरा गर्नका लागि मोबाइललाई कानभन्दा टाढा राखेर गर्नुपर्छ, नत्र त्यसले ठूलो समस्या निम्त्याउन सक्छ।"

डा. चौधरीले गर्मी मौसममा चिसो पेय पदार्थको अधिक प्रयोगले पनि कान, नाक घाँटीको नली अवरोध गर्ने बताए। उनका अनुसार पछिल्लो समय नाक, कान र घाँटीमा एलर्जीका ठूला समस्या भएका बिरामी उपचारका लागि आइरहेका छन्। उनले चिसोको अधिक प्रयोग



नगर्न सुझाव दिए।

"जुन बिरामीको रोग प्रतिरोधात्मक क्षमता कमजोर हुन्छ, त्यही बिरामीलाई चिसोले बढी सताउँछ र त्यस्तो बिरामीले हाछिउँ गर्दा नाक र कानलाई दबाब पर्छ त्यसले पनि नाक कान रोगका बिरामी बढ्न सक्छन्," उनले भने।

डा. चौधरीले सामाजिक तथा आर्थिक रूपले पछाडि पारिएका समुदाय सबैभन्दा बढी प्रभावित उल्लेख गरे। नाक र कानका लागि वातावरणीय प्रदूषणसँगै चिसो पेय पदार्थको सेवनले देखिने एलर्जीका बिरामी पनि अस्पतालमा आउने गरेको बताए।

त्यस्तै गरी लामो समयदेखि कान दुख्ने, पाक्ने, कानमा फोहर जम्नेलगायत समस्या भएका बिरामीका लागि बाँकेको खजुरा गाउँपालिकामा सञ्चालन गरिएको निःशुल्क कान स्वास्थ्य शिविर उपयोगी देखिएको छ। उपचारका लागि अस्पताल पुग्न नसकेका विपन्न समुदायका स्थानीयका लागि खजुरा गाउँपालिकाको शानिबार आयोजनामा सञ्चालन गरिएको शिविरमा गाउँका विभिन्न क्षेत्रबाट आएका ५३२ जनाको कान परीक्षण गरिएको छ।

परीक्षणका क्रममा ७५ जनामा कान पाक्ने, ६१ जनामा कानेगुजी जम्ने, ३३ जनामा कानमा ढुसी देखिने र १८ जनामा कानमा मेसिन लगाउने समस्या पाइएको स्वास्थ्यकर्मी भीषण थारुले जानकारी दिए। उनका अनुसार थप उपचार तथा शल्यक्रियाको आवश्यकता देखिएका २८ जनालाई उपचारका लागि अस्पतालमा पठाइएको स्वास्थकर्मी थारुले बताए।

# जनश्रमदानबाट खेलमैदान निर्माण गरिँदै

**युग संवाददाता**
**कञ्चनपुर, ७ भदौ ।**

कञ्चनपुरको भीमदत्त नगरपालिका-९ स्थित ब्रह्मदेवका स्थानीयहरु खेलकुदका लागि आवश्यक पूर्वाधार निर्माण गर्न जनश्रमदानमा जुटेका छन्। वडा कार्यालयको अगुवाइमा स्थानीयवासीले जनश्रमदानमा खेलमैदान निर्माणको काम अघि बढाएका हुन्। स्थानीयवासीको श्रमदानमा क्रिकेट खेल अभ्यासका लागि पिच निर्माणको काम सुरु भएको भीमदत्त नगरपालिका-९ का वडाध्यक्ष गगनसिंह कार्कीले जानकारी दिए।

"पछिल्लो समय युवा लागुऔषधको कुलतमा फसेका छन् त्यसकारण खेलका माध्यमबाट राष्ट्रका लागि योगदान गर्न सकुन् भन्ने उद्देश्यले खेलमैदान निर्माण भइरहेको हो", उनले भने, "क्रिकेट खेल मैदान यहाँका स्थानीयवासीको श्रमदानमा निर्माण हुँदैछ।"

खेल मैदान निर्माणका वडाका जनप्रतिनिधिसहित स्थानीय अगुवाहरुकोसमेत सहभागिता रहेको छ। "क्रिकेट खेल अभ्यासका लागि स्थानीयको श्रमदानमा खेल मैदान निर्माण भइरहेको छ", स्थानीय दीपेन्द्रसिंह ऐरीले भने, "सबैले स्वेच्छिक रुपमा सहयोग गरिराख्नु भएको छ।"

स्थानीय बालबालिकाले खेलकुदका लागि प्रयोग गर्दै आएको उक्त खेल मैदानलाई जनश्रमदानमा व्यवस्थित र स्तरोन्ति गर्न लागिएको उनले बताए। "खेल मैदान निर्माणका लागि यहाँका स्थानीय व्यवसायी, सामुदायिक वन र मन्दिर व्यवस्थापन समितिको सहयोग छ", उनले भने, "खेल मैदान निर्माणपछि यहाँका खेलप्रेमी युवालाई खेल अभ्यासमा सहयोग पुग्छ।"

# दुर्गममा प्रशासनिक सेवा विस्तारले कुन्नावासीलाई राहत

**युग संवाददाता**
**बाजुरा, ७ भदौ ।**

नागरिकता बनाउन होस् वा राष्ट्रिय परिचयपत्र। सरकारी कागजात प्रमाणीकरण गर्न होस् वा अन्य प्रशासनिक काम। बाजुराको पूर्वी-उत्तरी भेगका नागरिकलाई वर्षौंदेखि यी सामान्य काम पनि त्यति सहज थिएनन्।

"एउटा कागज बनाउनकै लागि सदरमुकाम मार्तडीसम्म पुग्नुपर्ने बाध्यता थियो। जहाँ पुग्न कम्तीमा रु १० हजारदेखि रु १५ हजार खर्च अनि सडकको भरपर्दो सुविधा नहुँदा कतै पैदल त कतै गाडीमा गरी चार-पाँच दिनसम्म समय खर्चिनुपर्थ्यो, अहिले त्यो बाध्यता हटेको छ", हिमाली गाउँपालिका-६ का दलबहादुर रोकायाले भने। यो भनाइ रोकायाको मात्रै होइन, सिङ्गो कुन्नावासीको हो।

बाजुरामा पाँच गाउँपालिका र चार नगरपालिका गरी नौ स्थानीय तह छन्। पूर्वी उत्तरी भेग कुन्ना क्षेत्रमा एक नगरपालिका र तीन गाउँपालिका पर्दछन्। जहाँ भौगोलिक विकटता, न्यून विकासका पूर्वाधारसँगै मुखै अगाडि बग्ने कर्णाली नदी, धर्तीको स्वर्गका रुपमा परिचित बूढीनन्दा, रानीसैनजस्ता ठूलो सम्भावना भएका प्राकृतिक सम्पत्तिमा देखिएका थुप्रै अवसर छन्।

यस क्षेत्रका नागरिकले वर्षौंसम्म प्रशासनिक सेवा लिन अनिवार्य सदरमुकाम मार्तडी पुग्नै पर्थ्यो। त्यसमाथि दुर्गम गाउँबाट सदरमुकामसम्मको यात्रा अझै सहज छैन। हरेक वर्षात्का चार महिना मार्तडी-कोल्टी सडकखण्ड ठाउँठाउँमा अवरुद्ध हुन्छ। सडकको भरपर्दो सुविधा नहुँदा कतिपय नागरिकलाई चार-पाँच दिनसम्मको समय खर्चिनुपर्थ्यो। यात्रा, खाना, बसाइ र अन्य खर्च जोड्दा सामान्य प्रशासनिक कामका लागि हजारौँ रुपैयाँ खर्च हुन्थ्यो। समय र पैसा मात्रै होइन, बाटोको दुःख र झन्झट पनि उत्तिकै। अहिले भने केही हदसम्म भए पनि अवस्था फेरिएको छ।

पूर्वी-उत्तरीमा रहेका चार स्थानीय तहको केन्द्र मानिने बूढीनन्दा नगरपालिका-२ कोल्टीमा सरकारले २०८३ वैशाख १ गतेदेखि इलाका प्रशासन कार्यालय स्थापना गरेपछि त्यहाँका नागरिकले आफ्नै क्षेत्रबाटै प्रशासनिक सेवा लिन




थालेका छन्। कार्यालय सञ्चालनमा आएपछि बूढीनन्दा नगरपालिका, हिमाली, स्वामीकार्तिक खापर र जगन्नाथ गाउँपालिकाका नागरिकलाई सदरमुकाम धाउनुपर्ने बाध्यता धेरै हदसम्म हटेको प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाले बताए। राहदानीबाहेक नागरिकता, राष्ट्रिय परिचयपत्र, सिफारिससहित सेवा इलाका प्रशासन कोल्टीमै उपलब्ध हुने गरेको उनले बताए। हिमाली गाउँपालिका- २ का धनमल थापाका लागि यो परिवर्तन सामान्य होइन। यसअघि नागरिकता, राष्ट्रिय परिचयपत्रलगायत कामका लागि मार्तडी पुग्नुपर्ने हुँदा एकपटकको काममा पनि धेरै समय र पैसा खर्च हुन्थ्यो। "पहिले यी कामका लागि अनेकौं दुःख भोगेर मार्तडी पुग्नुपर्थ्यो", उनले भने, "अहिले ती सेवाहरू कोल्टीमै पाउँदा खुसी छौँ। हामीलाई निकै सुविधा भएको छ।"

### हटयो सदरमुकाम पुग्नुपर्ने बाध्यता

कोल्टीमा इलाका प्रशासन कार्यालय स्थापना भएपछि प्रशासनिक सेवा लिन नागरिकले गर्ने खर्च र समय दुवै घटेको छ। यसले दुर्गम बस्तीका नागरिकलाई राज्यका सेवा आफ्नै घरआँगन नजिकै पुगेको अनुभूति पनि गराएको छ।

चार स्थानीय तहलाई लक्षित गरी कोल्टीमा इलाका प्रशासन कार्यालयसँगै नापी र मालपोत कार्यालय पनि स्थापना भएपछि त्यस क्षेत्र टाढा रहेको कोल्टीमा यी कार्यालय स्थापना भएपछि नागरिकता, नागरिकताको प्रतिलिपि, राष्ट्रिय परिचयपत्र, सिफारिस तथा कागजात प्रमाणीकरणलगायत प्रशासनिक सेवा सहजै उपलब्ध हुन थालेको स्थानीय धनकृष्ण विकले बताए।

इलाका प्रशासन कार्यालय कोल्टीका प्रमुख चक्रबहादुर शाहीका अनुसार कार्यालय स्थापना भएयता विभिन्न कामका लागि दैनिक करिब सय जना सेवाग्राही आउने गरेका छन्। "चारवटै स्थानीय तहबाट नागरिक विभिन्न सेवा लिन यहाँ आउने गरेका छन्", उनले भने, "कार्यालयबाट सहज रूपमा सेवा प्रवाह भइरहेको छ। कहिलेकाहीँ बिजुली आउने-जाने समस्या हुँदा केही कठिनाइ भने हुने गरेको छ।" कार्यालय स्थापना भएको चार महिनामा सेवा लिन आउने नागरिकको सङ्ख्या उल्लेख्य छ। विसं २०८३ वैशाख २ गतेदेखि साउन मसान्तसम्म एक हजार ३८५ जनाले नयाँ नागरिकता लिएका छन्। आठ सय ६५ ले नागरिकताको प्रतिलिपि लिएका छन् भने दुई हजार जनाले राष्ट्रिय परिचयपत्र बनाएको कार्यालय प्रमुख शाहीले बताए। यस तथ्याङ्कले दुर्गम क्षेत्रका नागरिकका लागि सेवा केन्द्रको आवश्यकता र प्रभाव स्पष्ट देखाउँछ।

### एउटा कागजका लागि हप्तौँको झन्झट

जिल्लाका पूर्वी-उत्तरी धेरै गाउँ अझै पनि सहज यातायातको पहुँचमा छैनन्। गुम्बा, बिच्छ्या, मुक्तिकोटलगायत दुर्गम क्षेत्रबाट सदरमुकामसम्म पुग्नु आफैँमा कठिन काम हो। गुम्बा र बिच्छ्यासहित बाजुराका चार वडामा अझै सडक पहुँच पुगेको छैन, आसपास सडक पुगे पनि नियमित र भरपर्दो यातायात नहुँदा नागरिकले कष्टपूर्ण यात्रा गर्नुपर्ने हुन्छ। प्रशासनिक सेवाका लागि मात्रै सदरमुकाम पुग्नुपर्ने अवस्थाले विपन्न तथा दुर्गम गाउँका नागरिकलाई झन समस्या पार्ने गरेको थियो।

हिमालीका स्थानीय मनिजङ्ग थापाका अनुसार यसअघि प्रशासनिक कामका लागि सदरमुकाम पुग्दा करिब एक हप्तासम्म समय लाग्ने र १० देखि १५ हजार रुपैयाँसम्म खर्च हुने अवस्था थियो। अहिले भने धेरैजसो सेवा कोल्टीमै उपलब्ध हुँदा त्यो खर्च र समय दुवै बचत भएको छ।

### कार्यालय मात्रै होइन, राज्यको पहुँच

कोल्टीमा इलाका प्रशासन, नापी र मालपोत कार्यालय स्थापना हुनु एउटा नयाँ कार्यालय थपिनु मात्रै नभएको नभई दुर्गम बस्तीमा राज्यको उपस्थिति र नागरिकको सरकारी सेवामा सहज पहुँच भएको हिमाली गाउँपालिकाका अध्यक्ष गोविन्द मल्लले बताए। "अघिल्लो कार्यकालदेखि नै कुन्ना क्षेत्रका जनप्रतिनिधि बसेर निर्णय गर्दै पटकपटक सङ्घीय राजधानी पुग्थ्यौँ, पहिल्यैदेखि प्रक्रियामै थियो", उनले भने, "वर्तमान सरकारले छिटोछरितो रुपमा निर्णय गरेर कार्यालय स्थापना गरेसँगै यहाँका नागरिकलाई ठूलो राहत मिलेको छ।" बाइसेचौबिसे राज्य हुँदादेखि नै साविकको आठ वटा गाविसलाई मिलेर बनेको यस क्षेत्रलाई कुन्ना दारा(खोला) भन्ने गरिन्थ्यो। त्यो परम्परादेखि नै कुन्ना क्षेत्र भनेर भन्ने गरिएको अध्यक्ष मल्लले बताए।

लामो समयदेखि यहाँका राजनीतिक दल, स्थानीय नागरिक, जनप्रतिनिध, सरोकारवालाले कोल्टीमा इलाका प्रशासनिक कार्यालय स्थापना हुनुपर्ने माग राख्दै आएका थिए। सबैको निरन्तर पहलपछि कोल्टीमा इलाका प्रशासन कार्यालय स्थापना गर्ने प्रक्रिया अघि बढेको स्वामीकार्तिक खापर गाउँपालिकाका अध्यक्ष भरतबहादुर रोकायाले बताए। नागरिकले सरकारी सेवा लिन घण्टौँ हिँडेर वा दैनिक यात्रा गरेर सदरमुकाम पुग्नुपर्ने अवस्था अन्त्य गर्नु नै यसको मुख्य उपलब्धि भएको उनले बताए।

# नेपालगञ्ज उद्योग वाणिज्य सङ्घमा ओली निर्वाचित

**युग संवाददाता**
**बाँके, ७ भदौ ।**

बाँकेको नेपालगञ्ज उद्योग वाणिज्य सङ्घको निर्वाचनबाट नयाँ नेतृत्व चयन भएको छ। अध्यक्ष पदमा चिरञ्जीवी ओली फराकिलो मतसहित विजयी भएका छन्। सार्वजनिक भएको मतपरिणामअनुसार ओली एक हजार ३८६ मतसहित विजयी भएका हुन। अध्यक्ष पदका प्रतिद्वन्द्वी ध्रुवप्रसाद दाहालले ३७४ मत प्राप्त गरे। यसअघि ओली सङ्घमा वरिष्ठ उपाध्यक्ष हुन।

महिला उपाध्यक्षमा रूपा ओझा एक हजार १६६ मतसहित विजयी हुन। उनको निकटतम प्रतिद्वन्द्वी उमा ग्राण्डनले ५०३ मत प्राप्त गरे। निर्वाचनको अन्तिम नतिजाअनुसार महासचिव पदमा विष्णु श्रेष्ठ एक हजार २८७ मतसहित विजयी हुँदा सोही पदका अर्को उम्मेदवार दीपेन्द्रकुमार जोशीले ४०८ मत प्राप्त गरे। उपमहासचिव पदमा प्रदीप आचार्य विजयी भउका छन्। उनले ८६४ मत प्राप्त गर्दा उनका प्रतिद्वन्द्वी शिवप्रसाद दाहालले ८४२ मत प्राप्त गरे। त्यसैगरी कोषाध्यक्ष पदमा टीकामणि उपाध्याय ९१७ मतका साथ विजयी हुँदा उनका निकटतम प्रतिद्वन्द्वी सूर्य श्रेष्ठले ५९८ र नारायण प्रसाईंले १८३ मत प्राप्त गरेका गरे।

# परिवर्तनको...

परिवर्तनप्रतिको उत्साह बिस्तारै निराशामा बदलिन्छ। लोकतन्त्रमा नागरिकको धैर्य असीमित हुँदैन।

### अब कार्यशैली बदल्नैपर्छ

नयाँ सरकारसँग सुधारको अवसर छ। संसदमा झण्डै दुईतिहाइ बहुमत छ, राजनीतिक भागवण्डा गरी सत्ता सन्तुलन मिलाउनुपर्ने जरुरी छैन। बौद्धिक वर्ग सहयोगको लागि तत्पर छ। सरकारका निर्णय र कार्यप्रति प्रश्न उठाउनु वा आलोचना गर्नु सरकारलाई असहयोग होइन। लोकतन्त्रमा सरकारलाई प्रश्न गर्नु, आलोचना गर्नु स्वाभाविक र आवश्यक प्रक्रिया हो। तर, आलोचनाबाट सिक्ने तथा गलत निर्णय सच्याउने क्षमता भएन भने त्यो गम्भीर समस्या बन्छ।

सरकारले पहिलो काम आफ्नो कार्यशैलीको समीक्षा गर्नुपर्छ। संसदलाई प्रभावकारी बनाउनुपर्छ। सांसदहरूको उपस्थितिलाई जिम्मेवार बनाउनुपर्छ। मन्त्री र सांसदका अभिव्यक्तिमा मर्यादा र तथ्यपरकता कायम गर्नुपर्छ। विवादित नियुक्तिमाथि स्पष्ट जवाफ दिनुपर्छ। प्रशासनिक सेवामा देखिएका लाइन, ढिलासुस्ती र अव्यवस्थाको तत्काल समाधान खोज्नुपर्छ।

त्यसैगरी, सरकारको प्राथमिकता जनताको दैनिक जीवन हुनुपर्छ। रोजगारी, महँगी, शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायात, नागरिकता, राहदानी तथा अत्यावश्यक सेवाका समस्यामा देखिने सुधार नै सरकारको वास्तविक उपलब्धि हुनेछ।

सबैभन्दा महत्त्वपूर्ण कुरा, सत्ता जनताको विश्वासबाट प्राप्त भएको हो भन्ने कुरा बिर्सनु हुँदैन। नयाँ दल र नयाँ नेतृत्वले पुराना दलका कमजोरीलाई आलोचना गरेर मात्र आफ्नो औचित्य प्रमाणित गर्न सक्दैनन्। उनीहरूले आफ्नै शासनमा फरक संस्कार देखाउनुपर्छ। जनताले राजनीतिक नाराभन्दा परिणाम खोज्छन्। उनीहरूलाई कुन नेताले कति ठूलो भाषण गर्‍यो भन्नेभन्दा आफ्नो काम कति सहज भयो, रोजगारीको सम्भावना कति बढ्यो, सरकारी सेवा कति छिटो पाए, भ्रष्टाचार कति घट्यो र राज्यप्रति भरोसा कति बढ्यो भन्ने कुराले अर्थ राख्छ।परिवर्तनको असली अर्थ सरकारमा नयाँ अनुहार आउनु मात्र होइन; शासन गर्ने शैली बदलिनु हो। पुराना गल्तीलाई नयाँ अनुहारले दोहोर्‍यायो भने त्यो परिवर्तन होइन, सत्ताको निरन्तरता हो। आज देखिएका आलोचना र असन्तुष्टिलाई सरकारले चेतावनीका रूपमा लिनुपर्छ। जनताको निराशा अझ गहिरिनुअघि कार्यशैली बदल्नुपर्छ, प्राथमिकता बदल्नुपर्छ र जवाफदेहिताको संस्कृति स्थापित गर्नुपर्छ। नत्र इतिहासले फेरि त्यही प्रश्न दोहोर्‍याउनेछ- परिवर्तनका लागि आएको शक्ति अन्ततः किन पुरानै ढर्रामा पुग्यो ?

र अन्त्यमा, जनताले नयाँ सरकारलाई असफल भएको हेर्न चाहेका होइनन्। उनीहरू सफल भएको हेर्न चाहन्छन्। तर सफलता नाराले होइन, सुशासनले प्रमाणित गर्नुपर्छ; भाषणले होइन, परिणामले देखाउनुपर्छ। अहिलेको सबैभन्दा ठूलो आवश्यकता सत्ताको मात होइन, जनताको पीडा र समस्या समाधान गर्ने तत्परता तथा परिवर्तनको दाबी होइन, परिवर्तनको अनुभूति दिलाउने व्यवहारको हो।

*(शिलापत्र)*

# सिँचाइ...

मन्त्री श्रेष्ठका अनुसार सुनसरी-मोरङ सिँचाइ परियोजनाले मात्रै वार्षिक रु १४ अर्बभन्दा बढी मूल्य बराबरको कृषि उत्पादनमा योगदान पुर्‍याउँदै आएको छ। यसले सिँचाइ पूर्वाधारमा गरिएको लगानीको प्रतिफल कृषि क्षेत्रमा देखिएको पुष्टि गर्ने उनको भनाई छ। सिँचाइ प्रणालीको प्रभावकारी सञ्चालनले ऊर्जा उत्पादनलगायत अन्य आर्थिक गतिविधिमा समेत अप्रत्यक्ष योगदान पुर्‍याउने उनले उल्लेख गरे।

उनले सिँचाइ प्रणालीलाई जल उपभोक्तामैत्री, दिगो र स्थानीयवासीको अधिकार सुनिश्चित गर्ने किसिमको बनाउनुपर्नेमा जोड दिए। सिँचाइ पूर्वाधार विकास गर्दा प्रकृतिमा आधारित समाधानका उपायलाई समेत प्राथमिकता दिनुपर्नेमा मन्त्री श्रेष्ठले जोड दिएको उनको निजी सचिवालयले जनाएको छ।

मन्त्री श्रेष्ठले सिँचाइ तथा ऊर्जा आयोजनामा देखिएको गेग्रान (सेडिमेन्ट)को समस्या दीर्घकालीन चुनौतीका रूपमा रहेको बताए। नदीमा बगेर आउने गेग्रानको व्यवस्थापन र त्यसबाट आयोजनामा पर्ने असर न्यूनीकरणका उपायलाई आयोजनाको डिजाइन तथा सञ्चालनमै समेटेर अघि बढ्नुपर्ने उनले बताए।

सुनसरी-मोरङ सिँचाइ प्रणाली नेपालको महत्वपूर्ण र ठूलो सिँचाइ प्रणालीमध्ये एक हो। करिब ६८ हजार हेक्टर कमान्ड क्षेत्र समेट्ने यो प्रणालीबाट ठूलो जनसङ्ख्या कृषि तथा सिँचाइसँग प्रत्यक्ष रूपमा जोडिएको छ। भारत सरकारको सहयोगमा सन् १९६४ देखि १९७५ बीच निर्माण भएको यो प्रणालीले करिब छ दशकदेखि सेवा दिँदै आएको छ। तर लामो समयसम्म सञ्चालनमा रहेकाले प्रणालीका विभिन्न संरचना जीर्ण हुँदै गएका छन्। कोशी नदीको धार परिवर्तन, गेग्रान थुप्रिने समस्या र इन्टेकमा पर्याप्त पानी नपुग्ने अवस्थाले परियोजनाको नियमित सञ्चालनमा चुनौती थपिएको छ।

विशेषगरी चतरामा कोशी नदीले ठूलो परिमाणमा गेग्रान बगाएर ल्याउने र नदीको धारमा आएको परिवर्तनका कारण सुनसरी-मोरङ सिँचाइ प्रणालीको इन्टेक क्षेत्रमा पानीको उपलब्धता प्रभावित हुँदै आएको छ। चतरा पुल निर्माणपछि नदीको मूल प्रवाह दायाँतर्फ सरेका कारण बायाँ किनारामा रहेको इन्टेक क्षेत्रमा पर्याप्त प्रवाह कायम गर्न थप चुनौती देखिएको परियोजनाका अधिकारीहरूको भनाई छ।

सुक्खायाममा इन्टेकमा उपलब्ध पानीको मात्रा करिब १० देखि १५ घनमिटर प्रतिसेकेन्डमा सीमित हुने अवस्था रहेको छ। यस्तो अवस्थामा 'ड्रेजिङ' गरेर पोखरी तथा नहरको क्षमता पुनःस्थापित गर्न सकिए पनि त्यसले मात्रै परियोजनाको दीर्घकालीन समस्या समाधान नहुने प्राविधिक निष्कर्ष छ। परियोजनाको डिजाइन प्रवाह करिब ६० घनमिटर प्रतिसेकेन्ड रहेकाले स्थायी डाइभर्सन संरचना र आवश्यक 'हेड' सुनिश्चित नगरी उक्त क्षमतामा पानी प्रवाह गराउन कठिन हुने देखिन्छ।

मन्त्री श्रेष्ठले तत्कालीन र दीर्घकालीन समाधानलाई एउटै योजनामा जोडेर अघि बढाउनुपर्ने बताए। जलस्रोत तथा सिँचाइ विभागले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपाय समेटिएको एकीकृत कार्ययोजना तयार गरी स्वीकृत गराउनुपर्ने उनको भनाई छ।

कार्ययोजनामा प्रत्येक कामको जिम्मेवार निकाय, लागत, बजेटको स्रोत, कार्यान्वयन समयसीमा र मापनयोग्य उपलब्धि स्पष्ट रूपमा तोकिनुपर्ने उनले बताए। नियमित बजेट तथा सुनसरी-मोरङ सिँचाइ पुनःस्थापना तथा सुधार कार्यक्रमलगायतका स्रोतलाई समन्वय गरेर काम अघि बढाउनुपर्नेमा पनि उनले जोड दिए।

मन्त्री श्रेष्ठले अल्पकालीन उपायलाई दीर्घकालीन संरचनाको विकल्पका रूपमा लिन नहुने स्पष्ट पारे। तत्कालका लागि ड्रेजिङ, स्पर निर्माण वा अन्य व्यवस्थापनका काम आवश्यक भए पनि ती दीर्घकालीन डिजाइन र स्थायी संरचनाको पूरक हुनुपर्ने उनको भनाइ छ।

"ड्रेजर खरिद गरेपछि समस्या समाधान भयो भन्ने सन्देश जानु हुँदैन," उनले भने, "अल्पकालीन व्यवस्थापनसँगै स्थायी समाधानका लागि आवश्यक संरचना निर्माण गर्ने स्पष्ट योजना हुनुपर्छ।" कोशी नदीले बर्सेनि ठूलो परिमाणमा गेग्रान बगाएर ल्याउने र नदीले आफ्नो बहाव परिवर्तन गरिरहने अवस्थाका कारण सुनसरी-मोरङलगायत ठूला सिँचाइ प्रणालीमा निरन्तर समस्या देखिँदै आएको छ। त्यसैले नयाँ आयोजना निर्माणलाई प्राथमिकता दिने कि सञ्चालनमा रहेका ठूला सिँचाइ प्रणालीको पुनःस्थापना र स्तरोन्नतिमा लगानी गर्ने भन्ने विषयमा समेत स्पष्ट प्राथमिकता निर्धारण गर्नुपर्ने मन्त्री श्रेष्ठले बताए।

उनले पुराना सिँचाइ प्रणालीको संरक्षण, पुनर्स्थापना र आधुनिकीकरणलाई प्राथमिकतामा राख्दै नयाँ आयोजनाको आवश्यकता र सम्भाव्यताको समेत वस्तुगत मूल्याङ्कन गरेर अघि बढ्नुपर्ने धारणा राखे। सिँचाइलाई कृषि उत्पादन, रोजगारी र स्थानीय अर्थतन्त्रसँग जोडेर अघि बढाउन सके त्यसले ग्रामीण क्षेत्रबाट हुने जनसङ्ख्या पलायन न्यूनीकरणमा समेत प्रत्यक्ष योगदान पुर्‍याउने उनको भनाइ थियो।

### टीकापुर घटनाः

# लाल आयोग प्रतिवेदन सार्वजनिक गर्न सरकार प्रतिबद्ध

**युग संवाददाता**
**काठमाडौं, ७ भदौ ।**

कृषि, वन तथा पर्यावरण मन्त्री गिता चौधरीले टीकापुर घटनासँग सम्बन्धित लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न सरकार प्रतिबद्ध रहेको बताएकी छन् ।

थारू कल्याणकारिणी सभाले आयोजना गरेको कार्यक्रममा बोल्दै मन्त्री चौधरीले टीकापुर घटनाको विषयमा सत्यतथ्य सार्वजनिक गरी न्यायोचित ढंगले समाधान खोज्नुपर्ने बताइन् ।

थारू कल्याणकारिणी सभाले हरेक वर्ष भदौ ७ गते टीकापुर विद्रोह दिवसका रूपमा विभिन्न कार्यक्रम आयोजना गर्दै आएको छ ।

यसवर्ष पनि 'टीकापुर विद्रोह, आन्दोलनको माग मुद्दा एवं अबको निकास' तथा 'नेपालको संविधानको अन्तरवस्तुमा थारू समुदायको साझा सवाल र संशोधनको आवश्यकता' विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा मन्त्री चौधरीले थारू समुदायका माग तथा मुद्दा सरकारमै बसेर उठाइरहेको बताउँदै थारू समुदायको अधिकार, पहिचान र न्यायका सवालमा आफू निरन्तर आवाज उठाइरहने प्रतिबद्धता व्यक्त गरिन् ।

उनले टीकापुर घटनासँग सम्बन्धित लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने पहल गर्ने र थारू समुदायका जायज माग सम्बोधनका लागि सरकार गम्भीर रहेको बताइन् ।

# जुम्ल्याहामुल तालले फेरिनेछ गुटुको कृषि प्रणाली, १४ सय घरधुरीलाई सिँचाइ सुविधा

**युग संवाददाता**
**सुर्खेत, ७ भदौ ।**

पश्चिम सुर्खेतको चौकुने गाउँपालिकाको गुटु क्षेत्र समथर र उर्वर भूमि हो । यहाँका हरेक स्थानीयहरूसँग ५ रोपनीदेखि डेढ बिघासम्म खेतीयोग्य जमिन छ । यो क्षेत्रलाई चौकुनेको अन्न भण्डार पनि भनिन्छ । तर सिँचाइ अभावका कारण पछिल्लो समय यहाँको खेती प्रणाली नै प्रभावित बनेको छ ।

यही समस्यालाई मध्यनजर गर्दै अहिले यहाँ ठुलो सिँचाइ आयोजना बन्दै छ–जुम्ल्याहामुल ताल बहुउद्देश्यीय परियोजना । यो आयोजनाको उद्देश्य खानेपानी, सिँचाइ, वातावरण संरक्षण तथा पर्यटन प्रवर्द्धनलाई समेत एकीकृत विकास गर्ने रहेको छ ।

चौकुने गाउँपालिकाको वडा नम्बर ७ र ६ को सिमानामा पर्ने जुम्ल्याहामुल खोला क्षेत्रमा यो आयोजना निर्माणाधीन अवस्थामा छ । दुई वटा खोलाको बिचमा पानीका मूल फुट्ने भएकाले जुम्ल्याहामुल भनिएको उक्त आयोजनाबाट गुटु क्षेत्र अन्तर्गत पर्ने ६,७ र ८ नम्बर वडाका १४०० घरधुरी प्रत्यक्ष रूपमा लाभान्वित हुने बताइएको छ । आयोजना सम्पन्न भएपछि ३ वटै वडाबासीलाई बाह्रैमास सहज सिँचाइ सुविधाको उपलब्धता हुने अपेक्षा गरिएको छ ।


प्रदेश सरकारको जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय अन्तर्गत खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालयमार्फत १४ करोडभन्दा बढी लागतमा निर्माण भइरहेको आयोजनाको हालसम्म झन्डै ७० प्रतिशत काम सम्पन्न भइसकेको कार्यालयमा इन्जिनियर उत्तम चौलागाईँले बताए ।

'भौतिक प्रगति ७० प्रतिशत कटिसकेको छ,' उनले भने, 'चालू आर्थिक वर्षभित्र सम्पन्न गरिसक्ने लक्ष्य राखिएको छ ।' आयोजना आर्थिक वर्ष ०८१/०८२ देखि सुरु भएको हो । उनका अनुसार, निर्माणाधीन क्षेत्रमा अहिले दर्जनौँ मजदुरले काम गरिरहेका छन् ।

सुरुमा यो आयोजनाको लागत ४० करोडभन्दा माथि थियो । पहिला १४ मिटर हाइट हुँदा झन्डै ५५ देखि ६० रोपनी जग्गामा ताल पर्नेगरी तयारी गरिएको थियो ।

पछिल्लो समय तालको संरचना १४ मिटर हाइटबाट ७ मिटरमा झारिएको छ भने बढीमा १०-१५ रोपनी जग्गामा मात्रै ताल पर्ने स्थिति छ । त्यसको कारण स्थानीयको निजी जग्गा भएकाले समस्या घटाइएको छ । चौकुने गाउँपालिकाका अध्यक्ष खड्ग विकका अनुसार, पश्चिमतर्फ व्यक्तिको जग्गा छ ।

## घुयँत्रो



यो देशका खास भष्टाचारी भनेकै कमिनिष्ट नेता हुन । जब जब कमिनिष्ट नेताहरु सत्तामा आए तब तब कर्मचारी संगठन भित्र यौटा जागिरे दलाल ग्रुप खडा गरेर खुलेआम भष्टाचारको जगबसाले र त्यसमा आँफुपनि डुबे अनि कर्मचारी लाई पनि डुबाए । खासगरि माधब नेपाल र वलि त भष्टाचारमा यसरी लिप्त भएकि जसका काण्ड जग्गा दलालिदेखि औषधि दलालि हुँदै अनेकन काण्डैकाण्डमा चिरपरिचित छन । पैले पैले भष्टाचाराँ चलसम्पति मात्रै लिने गरेका नेताहरु पछि गएर त खुलेआम अचल सम्पति जग्गाजमिन पनि हत्याउने गरेका घटना तपाँ हामीबाट लुकेका छैनन् । जेनजी आन्दोलनमा भक्तपुर बालकोटको आफ्नो घरमा जेनजीले आगलागि गरेछि गुण्डुमा बसोबास सारेका वलिले आँफुलाई घर बनाई दिने र घर उपहार दिने किरण थापालाई वाग्मती प्रदेशको मुख्यमन्त्री बनाएका छन भने अर्का कमिनिष्ट नेता प्रचण्डले त धेरै बर्ष अघिदेखिनै अधिकारी थरका ठेकेदारले घर उपलब्ध गराएछि उनकै घरमा बस्दै आईरहेका छन भने आफू सत्तामा हुँदा ती ठेकेदारलाई कति सहयोग गरे भन्ने कुरा ऐले प्रचण्ड सत्ताच्युत भएको समय बितेसँगै मानिसहरुले बिर्सि पनि सकेका छन । खुलेआम भष्टाचारमा मायुर वलिले त यतिसम्म गरेकि उनका नाममा आएको साढे ३ करोडको बेरुजु पाटिको खाताबाट निकालेर तिरे । तर त्यो बेरुजु रकम पाटिको खाताबाट निकालेर तिर्नकालागि पाटिको बैठकको समेत आबस्यकता ठानेन् । पाटिमा जम्मा भएको रकम पनि आफ्नै खाताको जसरि खर्च गर्दानि एमाले कार्यकर्ताहरुले भने कहिँ कतै चुईंक्कसम्म गरेनन् भनेपछि कमिनिष्टहरु सबैको चरित्र यौटै हुँदोरैछ चाहे विष्णु पौडेल हुन वा शंकर पोखरेल या हुन केपि शर्मा वलि । देश र जनताको चिन्ता भन्दानि आफ्नो ब्यक्तिगत र पारिवारिक सम्पन्नताका लागि राजनीति गरेका कमिनिष्टहरु संसारका अरु मुलुकमा हराउँदै गर्दा नेपालमा उनिहरु जसरि सत्तामा पुगे र साढे तीन दशकको अबधिमा देशलाई तन्नम र खोक्रो बनाए यसले अब नेपालमा पनि कमिनिष्टहरुको खैरियत छैन भन्ने कुरा उनले पनि बुझि सकेका छन भने अब त नेपाली जनताले पनि बुझि सके होलान । नेपालको जेनजी आन्दोलन भन्दा अघिसम्म जसरि कमिनिष्टहरुले अनेक तरहले अर्थात गठबन्धन गरेर हुन्छ कि सानोतिना भाग दिएर हुन्छ कि ,धम्कि र त्रासले हुन्छ सत्ताको खेलमा अरुलाई पर्न दिएनन् । यतिसम्मकि देशको पैलो पाटि काँग्रेसका देउबालाई समेत लटपट्याएर देशका दुईवटै कमिनिष्ट पाटिहरु पालै पालो सत्तामा गएर र अन्तत कमिनिष्टहरुकै खेलमा लाग्दा नेपालको एकमात्र प्रजातान्त्रिक पाटि काँग्रेस नि कमिनिष्टहरुकै सति गयो । जेनजी विद्रोहले सत्तारुढ पाटि एमाले र काँग्रेस दुबै सधैका लागि अस्ताउने अबस्थामा मात्रै हैनकि आम निर्वाचन बाटै जनताबाट अस्विकृत भयो । पुराना पाटिहरुको पतनसितै नयाँ रुपमा उब्जिएको रास्वपा पाटिलाई जनताले दुईतिहाईको मत दिएर सत्तामा पुर्याएसितै कैकालै संसारबाट पतन भएको कमिनिष्ट पाटि अब नेपालबाट पनि अस्ताउने निश्चित छ भने यिनिहरुको अन्त्यसितै देशबाट नि भष्टाचारको अन्त्य हुने कुरामा नेपाली जनता विश्वस्त छन । कमिनिष्टहरुको केही दिनको चुरीफुरी देखिए पनि सरकारले भष्टाचारीहरुलाई छानिछानि तहलाउन सक्योभने देशले फडको मार्न सक्छ । घण्टीहरुमा चेतना भया !


**सर्पको टोकाइबाट बचौं र बचाऔं**

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- भुल लगाएर खाटमा सुत्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)



**सामेल एग्रिकल्चर प्रा.लि.**

वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरू, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।



budhakarna287@gmail.com

थप जानकारीका लागि : ९८५८०७१९०२



पश्चिम नेपालकै सबै भन्दा ठूलो २८X४० साईजको मेसिनबाट छपाई

**RARA Printing Pvt.Ltd.**

**रारा प्रिन्टीङ्ग प्रा.लि.**

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)





Book & Copy Printing



Packaging Box Printing



Wedding Card Printing



Stamp



Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९



**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।